सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८१/८२
सुचना नं.

## बंगुरमा अफ्रिकन स्वाईन फिवर रोग पुष्टी भएको सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८२/०२/०५ गते

सूचना नं: प.से.शा.-२१

यस सिद्धलेक गाउँपालिका पशु सेवा शाखाबाट मिति २०८२/०१/३० गतेका दिन सिद्धलेक गाउँपालिका वडा नं ४ गौंथलेमा सुंगुर/ बंगुरमा लाग्ने अफ्रिकन स्वइन फिवर रोगसग मिल्दो जुल्दो लक्षण देखाइ मरेको बंगुरको नमुना संकलन गरि केन्द्रिय पशु रोग अन्वेषण प्रयोगशाला काठमाण्डौमा परिक्षण गर्दा अफ्रिकन स्वइन फिवर पुष्टी भएको हुँदा आवश्यक सावधानी/सतर्कता अपनाउन हुन सम्पुर्ण कृषक वर्गमा अनुरोध छ। थप जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क नम्बर: ९७६४६२४६११, ९८६५५०४२१४ वा ९८६०५१८०८५

अफ्रिकन स्वइन फिवर रोगलाग्दा देखाउने लक्षणहरु

- ज्वरो ४० देखि ४२ डि.से (१०४ देखि १०७.६ डि.फरेनहाइट)
- छाद्रे र रगत मिसिएको छेर्ने
- नाक, कान, पुच्छर र खुट्टाको तल्लो भागमा र पेटको भागमा निलो देखिने
- अस्वभाविक श्वास प्रस्वास
- नाक र आँखाबाट सिगान र चिप्रा निस्कने र सिगानमा रगत मिसिएकको देखिने
- आँखा रातो हुने
- रोगको लक्षण देखा परेको केहि दिनमा नै मर्ने
- गर्भिणीहरु तुहिने, पूरा विकाश नभएका बच्चा जन्माउने

रोग सार्ने माध्यमहरु

- संक्रमित दाना र पानी, कच्चा खाद्य पदार्थ
- संक्रमित जंगली बदेल
- किर्ना, उपिया र झिगाको टोकाइबाट
- संक्रमित बंगुर, संक्रमित खारमा काम गरेका मानिसहरुको कपडा, बुट, संक्रमित सिरिन्ज आदि
- संक्रमित बंगुरको शरिरबाट निस्केको दिसा, पिसाब, सिगान, चिप्रा, र्याल, बान्ता, बीर्य आदि

.................................
रामप्रशाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner